# स्थानीय राजपत्र

गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड २ | संख्या ३ | मितिः २०७५/१२/१४ |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७५ सालको कार्यविधि संख्या ३**

# गोलन्जोर गाउँपालिकाको कान्जिहाउस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावना**ः नेपालिको संविधान २०७२ को अनुसुचि ८ को क्र सं १० र स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ञ) मा भएको व्यबस्था बमोजिम यस गाउँपालिका क्षेत्रमा रहेका शहर बजारको व्यवस्थापन गरि वातावरण संरक्षण तथा दिगो शहरी विकास गरि स्वच्छ हरियाली व्यबस्थित गाउँपालिका बनाउँने उद्देश्य, मर्म र भावना बमोजिम यस गाउँपालिका क्षेत्रमा

अव्यवस्थित तथा छाडा चौपायहरु भैसी गाई बाख्रा लगायत अन्य पंछीहरुलाई नियन्त्रण नियमन तथा व्यवस्थापन गर्नको लागि कान्जिहाउस संचालन कार्यविधि बनाउन बाञ्छनिय भएकोले, यो कान्जिहाउस संचालन कार्यविधि २०७५ जारि गरिएको हो ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम गोलन्जोर गाउँपालिकाको "कान्जिहाउस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) गाउँ सभा भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ख) कार्यपालिका भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकालाई जनाउदछ ।

(ग) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई जनाउदछ ।

(घ) "कार्यविधि " भन्नाले गोलन्जोर गोलन्जोर गाउँपालिकाको कान्जिहाउस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

(ङ) "स्थानीय तह" भन्नाले गोलन्जोर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले गोलन्जोर गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय भन्नाले" गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) नगर प्रहरी भन्नालेः यस गाउँपालिकाको ऐन नियमावली कानुन कार्यविधि नीति मापदण्ड आचार सहिंता निर्देशन र परिपत्रहरुको कार्यान्यिन गर्न तथा सहजिकरणको लागि गठन गरिएको सुरक्षा निकायलाई सम्झनु पर्दछ ।

(ञ) छाडा चौपाय वा पंछी भन्नालेः कुनै पनि यक्तिको आफ्नो स्वामित्वमा रहेको गाई भैसी बाख्रा लगाएतका पशु र पंछीलाई जनाउदछ । छाडा शव्दले पशु पंछीलाई आफुले देख्ने गरि बाध छाद नगरी आफ्नो जग्गा वा नियन्त्रण भन्दा बाहिर सार्वजनिक रुपमा वा अनधिकृत ठाउमा छोडिएकोलाई छाडा भनिन्छ ।

## परिच्छेद–२

## उद्देश्य, मापदण्ड

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) यस गाउँपालिका क्षेत्रका मुख्य बजार केन्द्र तथा बजार क्षेत्रहरुमा छाँडा चौपाय गाई भैसी बाख्रा लगायतका पशु तथा पंछिहरुलाई व्यवस्थापन तथा संचालन गरी यस गाउँपालिकाको अव्यबस्थित शहर बजार क्षेत्रलाई व्यवस्थापनको दायरामा ल्याई स्वच्छ सफा हरियाली गाउँपालिका बनाउने रहेको छ ।

(ख) दिगो शहरी विकास मार्फत यस गाउँपालिकालाई स्वच्छ सफा हरियाली शहर बजार गाउँ टोल स्थापना तथा व्यवस्थापनमा आम समुदाय  प्रोत्साहित तथा सहभागि गराउने ।

(ग) यस गाउँपालिकाको क्षेत्रमा भएको अव्यवस्थित चौपाय पशु तथा पंछि छोडने प्रथा तथा परम्परालाई निरुत्साहन गरि वातावरण मैत्री शहर बजार गाउँ टोल स्थापना गराउने ।

४. **कान्जिहाउस संचालन व्यवस्थापन प्रकृया तथा मापदण्ड देहाय बमोजिम रहेका छन्** : यस गाउँपालिका क्षेत्रका मुख्य बजार केन्द्र तथा बजार क्षेत्रहरुमा छाँडा चौपाय गाई भैसी बाख्रा लगायतका पशु  तथा पंछिहरुलाई व्यवस्थापन तथा संचालन गरि यस गाउँपालिकाको अव्यबस्थित शहर बजार क्षेत्रलाई व्यवस्थापनको दायरामा ल्याई स्वच्छ सफा हरियाली गाउँपालिका बनाउन देहायका कार्यविधि तथा मापदण्ड हुने छ ।

(क) यस गाउँपालिकाले लागु गरेको कान्जिहाउस संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वयनमा आउनु भन्दा अघि यस गाउँपालिका क्षेत्रमा रहेका मुख्य शहर केन्द्र बजार केन्द्रहरुमा सार्वजनिक सूचना मार्फत आम समुदायमा जानकारी तथा सचेत गराउँने काम प्रथम पटक गाउँपालिकाको हुने छ ।

(ख) गाउँपालिकाका मुख्य शहर केन्द्र बजार केन्द्रका गाउँ टोलमा त्यस क्षेत्रमा बसोबास गर्ने आम समुदायले चौपाय गाई भैसी बाख्रा लगाएतका पशु र पंछीहरु छोडन नपाईने यदि छोडेमा त्यस्तो चौपायलाई गाउँपालिकाको गाउँपालिका प्रहरीले  कब्जामा लिई कान्जीहाउसमा राख्ने छ ।त्यसरी राखिएको चौपाय तथा पंछीलाई २४ घन्टा भित्र लिन आएमा पशुको हकमा प्रथम पटक सम्झाई बुझाई प्रति पशु रु१००। र पंछीको हकमा प्रथम पटक रु ५०। सोही पशु एक

हप्ता सम्म लिन नआएमा पशुको हकमा रु २००। तथा पंछीको हमा १००। गाउँपालिकाले लिने छ भने हप्ता दिन भन्दा वडी समय लिन वा सम्पर्कमा नआएमा सो पशु वा पंछीलाई पालेको समय हिसाव गरि सार्बजनिक सूचना प्रकाशन गरि लिलामको प्रकृया अबलम्बन गरिने छ

(ग) कान्जिहाउस संचालन तथा व्यवस्थापनको लागि स्थान भवन सार्वजनिक पर्ति जग्गामा गाउँपालिकाले वा वडा कार्यालयले गर्न सक्ने छ। जुन जग्गा गाउँपालिका गाउँ कार्यपालिकाले निर्णय गर्ने छ।

(घ) थुनिएका पशु तथा पंन्छीको उचित स्याहार खानपान वडा कार्यालय गाउँपालिका प्रहरी र अन्य सो सँग सम्बन्धित कर्मचारी मार्फत हुने छ।

(ङ) छाडा गाईवस्तु नियन्त्रण तथा नियमनमा गाउँपालिकामा उपलब्ध सुरक्षा निकायबाट नियन्त्रण गर्न नसकेमा स्थानिय बासिन्दाको अबरोध वा विरोध भएमा स्थिती नियन्त्रण हुने अबस्था नभएमा गाउँपालिकाले स्थानीय नजिको सुरक्षा निकाय सँग सहयोग लिन/माग्न सक्ने छ।

(च) कान्जिहाउँस संचालन तथा व्यवस्थापन सम्बन्धमा अन्य कुरा नेपाल सरकार कान्जीहाउस संचालन तथा व्यवस्थापन गर्न बनेको कानुन बमोजिम हुने छ।

(छ) निजि वन तथा व्यक्तिको व्यवसायमा कुनै व्यक्तिले वा समुदायले क्षति गरेमा मुल्याकन समितिको सिफारिसमा उचित क्षति पुर्ति चौपाय धनिले व्यहोर्नु पर्ने छ ।यदि कान्जिहाउसमा थुनेका पशु पशु मृत्यु भएमा कुनै क्षति पर्ती दिईने छैन।

(ज) थुनामा हालिएको पशु पालन पोषण शुल्क सम्बन्धित धनीले व्यहोर्नु पर्ने छ।

## परिच्छद–३

## कान्जिहाउस संचालन स्थापना सम्बन्धि व्यबस्था

(क) कान्जिहाउस संचालन गर्न आवश्यक भएको खण्डमा मुख्य बजार तथा बजार क्षेत्र लगायतमा गाउँपालिकाले स्थापना तथा संचलन वडा समितिको सिफारिसमा गाउँपालिकाले गर्ने छाकान्जीहाउँस स्थापनाको अन्तिम निर्णय यस गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाले गर्ने छ।

(ख) कान्जिहाउँस संचालन तथा व्यवस्थापनको लागि गठन भएको समितिको विधान कार्य योजना भै साल बसालीरुपमा लेखा परिक्षण गरी यस गाउँपालिकामा प्रतिबेदन पेश गर्नु पर्ने छ।

(ग) यस गाउँपालिका क्षेत्रमा स्थापना भएका वा संचालनमा रहेका कान्जिहाउसको अनुगमन मुल्यांकन तथा सुपरिवेक्षणको लागि एक गाउँपालिका स्तरिय समिति हुने छ। जस्मा देहाय बमोजिम समिति हुने छ

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| प्रकोप शाखा प्रमुख | -सदस्य |
| सामाजिक विकास शाखा संयोजक | -सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेका व्यक्ति | -सदस्य |
| वातावरण शाखाको कर्मचारी | -सदस्य सचिव |

(घ) कान्जिहाउस संचालन तथा व्यवस्थापन सम्बन्धमा कुनै बाधा अवरोध भएमा यस गाउँपालिका गाउँ कार्यपालिले बाधा अडकाउ फुकाउ गर्ने अधिकार हुने छ।

## परिच्छद–४

## विविध

**६ अन्य व्यबस्थाः**

(क) गाउँपालिकालाई क्षेत्रगत कान्जीहाउस संचालन तथा व्यवस्थापन सम्बन्धमा कार्यपालिकाले थप मापदण्ड तथा संचालन व्यवस्थापन सम्बन्धमा अन्य व्यवस्था स्वीकृती गर्ने अधिकार हुने छ।

**प्रमाणीकरण मितिः** २०७५।१२।१४

**आज्ञाले,**
**तीर्थ कुमार भण्डारी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**